सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बुडङ्चुङ्, धादिङ्ग
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२
चलानी नं.

## सूचना ।

**विषयः सीपमूलक तालिमका लागि आवेदन पेश गर्ने सम्बन्धमा ।**

**(सूचना प्रकाशन मितिः २०८१/११/२२)**

सिद्धलेक गाउँपालिका र बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० को दफा ५ बमोजिम तपसिलमा उल्लेखित विषय क्षेत्र मध्ये एक विषय छनौट गरी तालिम लिन इच्छुक सिद्धलेक गाउँपालिकाको सम्वन्धित वडामा स्थायी बसोबास गरेका गृहिणी महिलाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र वडा कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तालिमका विषयक्षेत्रः**

**क) उद्यमशिलता विकास तथा मैन बत्ति बनाउने सम्बन्धी सीपमूलक तालीम (वडा न. ५)**
**ख) कृषि सेवा क्षेत्र (वडा न. ५)**
**ग) उद्यमशिलता विकास तथा बाटेको धुप बनाउने सम्बन्धी सीपमूलक तालीम (वडा न. ६)**
**घ) व्यावसायिक तरकारी खेती सम्बन्धी कार्यक्रम (वडा न. ६)**
**ङ) सामूहिक अदुवा तथा बेसार खेती सम्बन्धी कार्यक्रम (वडा न. ७)**

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. सम्बन्धित गृहिणी महिलाको निवेदन
२. नागरिकताको प्रतिलिपी १ प्रति

**नोटः**

१. यो कार्यक्रम सिद्धलेक गाउँपालिकाको वडा नं ५, ६ र ७ मा सञ्चालन हुनेछ ।
२. यस कार्यक्रममा सहभागी हुने गृहिणी महिला २० देखि ५५ वर्ष उमेर भित्रको हुनुपर्ने तथा कुनै स्थायी वा करार जागिरमा आवद्ध नभएको हुनुपर्नेछ ।
३. तोकिएको विषयक्षेत्र अन्तर्गतको व्यवसायमूलक तालिम कम्तिमा पन्ध्र दिन देखि तिन महिनासम्मको हुनेछ ।
४. छनौट भएका गृहिणी महिलालाई प्रति समुह बीस देखि तीस जनाको समुहमा राखी तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गरिनेछ ।

**साथै कार्यक्रम सम्बन्धमा थप जानकारीका लागि सिद्धलेक गाउँपालिकाको लघु उद्यम विकास शाखामा समेत सम्पर्क गर्न सकिने छ ।**

२०८१/११/२२
शिवराम अधिकारी
वरिष्ठ शाखा अधिकृत (आठौं)



Scanned with CamScanner

मिति :

श्री कार्यालय प्रमुखज्यू,
सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
बुङचुङ, धादिङ ।

विषय : गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय,

म गृहिणी महिला भएकोले निम्न लिखित विवरण राखी गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुन ईच्छुक रहेकोले यो निवेदन पेश गर्दछु । मैले पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर :................................................ उमेर : ..........

२. नागरिकता प्रमाण पत्र नं. ..............................

३. आफुले लिन चाहेको तालिमको प्रकारमा चिन्ह लगाउनुहोस् :

क) उद्यमशिलता विकास तथा मैन बत्ति बनाउने सम्वन्धी सीपमूलक तालीम (वडा न. ५)
ख) कृषि सेवा क्षेत्र (वडा न. ५)
ग) उद्यमशिलता विकास तथा बाटेको धुप बनाउने सम्वन्धी सीपमूलक तालीम (वडा न. ६)
घ) व्यावसायिक तरकारी खेती सम्वन्धी कार्यक्रम (वडा न. ६)
ङ) सामूहिक अदुवा तथा बेसार खेती सम्बन्धी कार्यक्रम (वडा न. ७)

४. ठेगाना : (क) स्थायी ठेगाना : .............जिल्ला............................न.पा/गा.पा ...... नं. वडा .............................. टोल, सम्पर्क नं : .................................

(ख) अस्थायी ठेगाना : ............. जिल्ला............................ न.पा/गा.पा ...... नं. वडा .............................. टोल, सम्पर्क नं : .................................

५. उद्यमी सम्बन्धी आधारभुत तालिम लिइएको भए सोको नाम :......................................................

निवेदक

Scanned with CamScanner